परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १० ❑ अंक २४ २०७८ माघ २ गते आईतवार Sunday 16, JAN 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## किसान आन्दोलन अझै चर्किने : जनमत पार्टी

विराटनगर । जनमत पार्टीले शुरु गरेको किसान आन्दोलनको १६ औ दिन भारी संख्यामा मोरंगको किसनहरुले ट्र्याक्टर सहित सडकमा जुलुस प्रर्दशन गरी महेन्द्र चौकमा कोण सभा गरेका छन् ।

सो सभालाई सम्बोधन गर्दै जनमत पार्टीका केन्द्रिय सदस्य प्रमेश्वर मर्मुले भन्ने किसानले लगाएको बालीबाट नेताहरुले पेट भर्ने तर किसानहरुको समस्यालाई समाधान गर्न वेवास्ता गर्ने देखिएकोले किसन आन्दोलन अझ चर्किने वताए । वर्तमानमा रहेको कृषि मन्त्रीले किसानको समस्यालाई समाधान गर्न नसके तुरुन्त राजीनामा दिनुपर्ने माग समेत गरेको थियो ।

भूसको आगो जसरी विस्तारै फैलिन्छ त्यसरी नै किसानको आन्दोलन फैलि रहेको छ समयमा नै सरकारले किसानको समस्या समान गर्न उच्च स्तरीय समिति गठन गरी समस्या समाधान नगरे किसानहरुले अझ सडक तताउने र सरकारलाई घुडा टेकाउने अर्को केन्द्रीय सदस्य तथा जनमत पार्टीको प्रवक्ता सुर्य देव यादव वताए ।




जनमत पार्टीले सुरु गरेको किसान आन्दोलन अनिश्चितकालका लागी जारी राख्ने घोषणा अन्तर्गत प्रदेश नं. १ को राजधानी विराटनगरको मुख्य बजार महेन्द्र चौकको कोण सभालाई सम्बोधन गर्दै केन्द्रिय सदस्य सुनिता सरदारले भने किसानको उत्पादनले नेताहरु रजाई गर्ने तर किसानलाई चाहिने मल, विउ, समयमा उपलब्ध नगराउने नलायक सरकारको कृषि मन्त्रीले अविलम्ब राजीनामा दिएर आन्दोलन कारी किसान संग वार्ता गर्न आग्रह गर्दै अन्यथा किसानको आन्दोलनबाट हुने क्षतिको जिम्मेवार सरकार नै हुने वताए ।

सोही सभालाई सम्बोधन गर्दै जनमत पार्टी विराटनगर महानगर पालिका संयोजक अरुण कुमार मण्डलले भने किसान आन्दोलनलाई हल्का रुपमा नलिन सरकारलाई आग्रह गर्दै ८५ प्रतिशत कृषि पेशामा आधारीत नेपाली कृषकहरुले वर्षौ देखि सरकारको थिचोमिचो सहदै आएको छ तर अब किसानको आन्दोल भुसको आगो भई सकेको छ किसानहरुले आफ्नो अधिकार सडकवााटै लिने विचार औल्याए ।

किसनाहरुको खुनपसीनाको कमाईबाट गाडीमा कुद्ने नेताहरुले किसानको समस्याप्रति वेवास्ता गरेमा त्यसको ठूले मुल्य चुकाउनु पर्ने भन्दै अहिले नेपाली किसानहरुले नेपालमा मल, विउ पाउँदैन भारतवाट ल्याउँदा सरकारकै प्रहरी प्रशासनले घुसमाग्ने, घुस नदिए पक्रिने, सवारी साधन लिलाम गर्ने जस्ता अराजक गतिविधी गरी रहेको आरोप शिक्षक तथा बुद्धिजीवी अमरचन्द मुखियाले लगाए ।

वांकी अन्तिम पेजमा...

## विराट राजवंशी समुदायले मिलेर मनाए तिला सुकरात

राजेश कुमार राजवंशी

विराटनगर । राजवंशी समाज उत्थान समितिको एकाइ समितिको आयोजनामा तिला सुकरात पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरको छ ।

तिला सुकरात शुभकामना आदान प्रदान कार्यक्रमको समुद्घाटन प्रमुख अथिती समाज सेवि बन्देलाल मण्डल राजवंशीले कलशमा दियो बालेर गरेको थियो । सो कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अथितीले भने विराट राजवंशी जातिको अधिकारको लागि आफ्नो भेषभुशा पहिरन लाई सधै निरन्तरता दिनुपर्ने भन्दै विराट राजवंशीमा हलो र बैल गाडीहरु दिन प्रतिदिन हराउँदै गएकोमन चिन्ता व्यक्त गरेको थियो । बताउनु भयो ।

त्यसैगरी विशिस्ट अथिती राजवंशी समाज उत्थान समिति अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीले पहिलो हामी जाति अनि कुनै पार्टी र धर्म परिवर्तन गर्न सक्छौं तर जाति परिवर्तन गर्न सक्दैनौ भन्दै आउँदो फाल्गुन ६ गते हुने बृहत भेला जातिको अधिकार,

वांकी अन्तिम पेजमा...

## नोवेलको आन्दोलन स्थगित हुने

विराटनगर । नोबेल मेडिकल कलेज र आन्दोलनरत पक्षबीच सहमति जुटेको छ । आन्दोलनरत विद्यार्थीका अभिभावक र कलेज प्रशासनले शनिवार साँझ सहमति पत्रमा हस्ताक्षर गरेका हुन् ।

नोबेल मेडिकल कलेजमा भएको छलफलमा दुवै पक्ष लचकता अपनाउँन तयार भएपछि सहमति जुटेको हो । दुई पक्षबीच भएको छलफलमा कलेज प्रशासन होस्टेल शुल्क घटाउँन तयार भएको छ । यसअघि प्रति विद्यार्थी मासिक १२ हजार लिइदै आएको होस्टेल शुल्क घटाएर अब कलेज प्रशासनले १० हजारमा झार्ने भएको छ ।

त्यसैगरी होस्टेल ऐच्छिक गर्नुपर्ने अडान राख्दै आएको आन्दोलनरत पक्षले पनि त्यसमा लचकता देखाएर होस्टलमै विद्यार्थी बसाउँन तयार भएको छ । त्यस्तै,

वांकी ३ पेजमा...

## प्रदेश १ मन्त्रीपरिषद् बैठकमा पाँच निर्णय

विराटनगर । प्रदेश १ सरकारको बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले केही महत्वपूर्ण निर्णयहरू गरेको छ । मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले पाँच वटा विषयमा निर्णय गरेको आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले जानकारी दिएको थियो ।

मन्त्री आङ्बोका अनुसार, बैठकले कोभिड नियन्त्रण रोकथामका लागि निर्देशक समिति बनाउने निर्णय गरेको छ । उक्त समितिको अध्यक्ष मुख्यमन्त्री हुनुहुने छ । आर्थिक मामिला तथा योजना मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्री र सामाजिक विकास मन्त्री समितिको सदस्य हुनुहुने मन्त्री आङ्बोले जानकारी दिदै अन्य सदस्यहरूमा विराटनगर महानगर पालिकाका प्रमुख, प्रदेश नं.१ का प्रमुख सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य हेर्ने सचिव, मोरङका प्रमुख जिल्ला अधिकारी, सेना, सशस्त्र र जनपद प्रहरी तर्फका प्रदेश प्रमुखहरू उक्त समितिको सदस्य हुनुहुने छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत शासकीय सुधार तथा समन्वय शाखाका सचिव उक्त समितिको सदस्य सचिव रहने छ ।

त्यस्तै, बैठकले मुख्य न्यायाधिवक्ताको कार्यालयका तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने निर्णय गरेको छ । बैठकले आर्थिक वर्ष २०७९/०८० का लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत सञ्चालन हुने आयोजना/ कार्यक्रमको सूचि स्वीकृत गर्ने निर्णय पनि गरेको छ । यो सूचिअन्तर्गत अस्पतालहरूको सुदृढीकरण, केही कृषि कार्यक्रम र केही लक्षित वर्गको कार्यक्रमहरूसहित १० वटा विशेष अनुदानसम्बन्धी र भौतिक पूर्वाधार सम्बन्धी ठूलाठूला आयोजना सम्पन्न गर्न १५ वटा आयोजनाको सूचि तय गरी संघीय सरकारअन्तर्गतको राष्ट्रिय योजना आयोगमा पठाउने बैठकले निर्णय गरेको मन्त्री आङ्बोले दिएको थियो ।

त्यस्तै, बैठकले केही प्रदेश ऐन

वांकी अन्तिम पेजमा...






परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## किसान...

किसन आन्दोलनले विस्तारै किसानहरुको आँखा खोल्दै गई वरहेको छ। मधेशका जिल्लाहरुमा भएको आन्दोलनमा दिनानुदिन किसानहरुको संख्या सडकमा बढ्दै गई रहेको छ। समयमै सरकारले किसनहरुको मागलाई सम्बोधन नगरे किसान आन्दोलन अझ चर्किने जनमतका नेताहरुले दावी गरेका छन्।

जनमत पार्टीका कार्यकर्ताहरुले मोरंग, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, बारा, रुपन्देही, कैलाली लगायतको जिल्लाहरुमा आन्दोलन तथा जनप्रदर्शन गर्दै आएका छन्

कृषि गर्ने समयमा मलखाद्द तथा बिउबिजनको व्यवस्था नहुँदा किसानहरुलाई वर्षेनी समस्याको सामना गर्नुपरेको हुनाले त्यसको समाधानका लागी जनमत पार्टीले आन्दोलन थालेको नेताहरुको भनाई छन्।

१६ औ दिनको किसान आन्दोल जनमत पार्टी मोरंगका अध्यक्ष बुद्धी माझीको संयोजकत्वमा भएको थियो।

जनमत पार्टीको किसान आन्दोलनका मागहरु

जनमत पार्टीले किसानको माग सम्बोधन गर्न सरकारले उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मलखाद र बीउको व्यवस्थापन गर्नुपर्ने, सिचाईको व्यवस्था गर्नुपर्ने, नसके सिंचाइको लागि विद्युत निःशुल्क उपलब्ध गर्नुपर्ने, हावाहुरी र वर्षाले भएको बालीनालीको क्षति वापत राहत दिनुपर्ने, फसलको उचित समर्थन मूलय निर्धारण गर्नुपर्ने, उखु किसानको भुक्तानी गर्नुपर्ने माग अगाडी सारेका छन्।

त्यसैगरी किसान कार्ड व्यवस्था गरी-किसान कार्ड देखाएर सीमानाकाको वजारबाट सामान ल्याउन पाउने व्व्वस्था गर्नुपर्ने, किसानलाई पनि पेन्सनको व्यवस्था गर्नुपर्ने, स्वतः बालीनाली वीमा हुने सुनिश्चितता गर्नुपर्ने, किसानमाथि दमन बन्द गर्नुपर्ने लगायत १२ बुद्धे माग राखेर अनिश्चि कालीन आन्दोलन पुस १५ देखि गर्दै आएको छ।

## नोवेल..

चिकित्सा शिक्षा आयोगले तोकेको शुल्क तिर्न अभिभावकहरु तयार भएका छन्।

सहमतिपत्रमा नोबेल मेडिकल कलेजका तर्फबाट प्रचार्य प्रा.डा. रामहरी घिमिरे, सल्लाहकार डा.केपी शर्मा र प्रवन्धक नारायण प्रसाद दाहालले हस्ताक्षर गरेका छन्। यता, आन्दोलनरत विद्यार्थीहरुको प्रतिनिधित्व गर्दै उनीहरुका अभिभावक बीरेन्द्र भगत, राजेन्द्र बहादुर थापा, प्रकाश फुयाल र रामकुमार भट्टराईले हस्ताक्षर गरेका छन्।

सहमति जुटेकाले अब विद्यार्थी आन्दोलन स्थगित हुँने अभिभावकहरुले जनाएका छन्। नोबेल मेडिकल कलेजका सञ्चालक डा.सुनिल शर्माले पनि अभिभावक हरुसँग सहमति जुटेकाले विद्यार्थी आन्दोलन स्थगित भएर अब पठनपाठन सूचारु हुँने प्रतिक्रिया दिए।

## प्रदेश १...

संशोधन विधेयक प्रदेश सभामा पेश गरेकोमा त्यो अपूर्ण भएकाले केही प्रदेश ऐन संशोधन विधेयक फिर्ता लिने निर्णय गरेको छ। फिर्ता गरिएको ऐन केही समयपछि आवश्यक संशोधन गरी फेरि प्रदेश सभामा पेश गरिने निर्णय गरेको छ।

मन्त्रिपरिषद् कार्यविभाजन नियमावलीअन्तर्गत मन्त्रालयहरू के कति बनाउने र कर्मचारीहरू के कति व्यवस्थापन गर्ने विषयमा पनि छलफल भएको मन्त्रीले आङ्बोले बताउनुभयो। उहाँका अनुसार, कार्यदलको सुझाव र केन्द्रीय सरकारले दिएको कर्मचारी संगठन संरचनाभित्र रहेर कुनै पनि प्रशासनिक खर्च नबढ्ने गरी संगठन संरचना र व्यवस्थापन(ओ एण्ड एम) गरी अर्को मन्त्रिपरिषद्को बैठकमा पेश गर्नका लागि प्रमुख सचिवको नेतृत्वमा कार्यदल गठन गर्ने निर्णय आज बसेको मन्त्रिपरिषद् बैठकले गरेको छ।

## विराट राजवंशी...

भेषभुशा संस्कृति, पहिरन, पहिचानको लागि बृहत भेला गर्दै आएको वताए।

राजवंशी समाज उत्थान समितिको उपाध्यक्ष राजवंशी सामुदायि भवन निर्माण समितिका अध्यक्ष रामनारायण राजवंशीले तिला सुकरातको अवसरमा भवनको अधुरो कामको लागि सम्पुर्ण विराट राजवंशीलाई सहयोग गर्न आग्रह गर्दै राजवंशी समुदायल सहयोग गरे अधुरो काम पुरा गरेर २०७९ बैशाख १ गते भवनको समुद्घाटन गर्ने वताए।

राजवंशी समाज उत्थान समितिको जिल्ला अध्यक्ष प्रदीप विश्वास मण्डलले भुजा, शखर र तिल मिसाएर लडडु बनाइ खाने चलन रहेको छ। 'माघके जार फोरे हार' हाम्रो जातिको पौराणिक फकडा रहेकोले त्यो जाडो बाट बच्नको लागि शरिरलाई तातो राख्ने गुड, सखर संग मिसाइएको तिल, चुरा, भूजा खाने गर्दछौ भन्दै यस्तो संस्कृतीलाई जोगाई राख्न हामी सवैको कर्तव्य भएको वताए।




उक्त कार्यक्रममा समाज सेवि दिलिप मण्डल राजवंशी, विराट राजवंशी युवा अध्यक्ष कुसेश्वर राजवंशी, समाज सेवि रोशन राजवंशी, युवा सहसचिव अत्यान्नद राजवंशी लगायतले आ-आफ्नो मन्तव्य राखेको थियो।

सो अवसरमा प्रमुख अतिथीलाई दोसल्ला ओढाएर सम्मान समेत गरेका थिए। त्यसैगरी ज्येष्ठ नागरिक सोतिलाल राजवंशी, बन्देलाल मण्डल राजवंशीलाई समेत सम्मान गरिएको थियो। विराट राजवंशी समुदायको पहिरणमा युवा युवतीहरु नृत्य समेत गरेका थिए।

सोही अवसरमा भवन निर्माणको लागि दिलिप मण्डल राजवंशीले ५ हजार, हृदय राजवंशीले ५ हजार र रोशन राजवंशीले ५ हजार सहयोग गरेकोले तीनीहरुलाई समेत अविर लगाएर सम्मान गरेका थिए।

कार्यक्रम उद्घोषण देवराज राजवंशीले गरेका थिए भने हथिबन्धा बभनटोली एकाइ समितिको अध्यक्ष सेवक राजवंशी र सन्तोष राजवंशीको अध्यक्षता तिला सुकरात शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको थियो।

# आदीवासी जनजाति पत्रकार महासंघ (फोनिज) प्रदेश १ को महाधिवेशनबाट सर्वसम्मत नेतृत्व



राजेश कुमार राजवंशी

विराटनगर। नेपाल आदिवासी जनजाति पत्रकार महासघ ( फोनिज) को दोस्रो प्रादेशिक महाअधिवेशनले नयाँ नेतृत्व सर्व सहमतिले चयन गरेको छ।

पथरिशनिश्वरे नगरपालिका वडा नं. २ मा रहेको सिन भिलेज रिसोर्टमा विहिवार सम्पन्न महाअधिवेशनले प्रदेश १ को अध्यक्षमा सन्तवीर लामाको अध्यक्षता २१ सदस्य नयाँ प्रादेशिक कार्यसमिति चयन गरेको हो।

समितिको उपाध्यक्षमा राजेन्द्र दृष्ट र महिला उपाध्यक्षमा अप्सरा समाल, महासचिवमा सुशान राई, सचिवमा सन्देश सुब्बा र प्रदीप चौधरी चयन भएका छन। त्यसैगरी कोषाध्यक्षमा प्रेम देवान चयन भएको छ।

कार्यसमितिका संस्थागत सदस्यहरुमा बसन्त पालुङ्वा, मोहन तामाङ, सुदिप राई, खगेन्द्र कुलुङ (अर्जुन ) महिला सदस्यहरुमा सुप्रीया राई, सर्मिला राई, प्रमिला श्रेष्ठ अल्पसंख्यकमा विजय धिमाल चयन भएका छन।

त्यसैगरी ब्रहमलाल हजारी, अतीत योङ्हाङ, राजन साम्पाङ, ज्ञानु केदेम, एलवी लावती र बाबुराम मुडियारि सदस्यमा निर्वाचित भएका छन। लेखा समितिको संयोजकमा महेन्द्र मादेन र सदस्यमा दिपक राई र नेत्रकुमार सुनुवार निर्वाचित भएका छन।

अनुशासन समिति संयोजकमा विरवहादुर पापो सदस्यमा सोनिकुमार आङ्देम्व र विजय कुमार राई चयन भएका छन।

पुस २७ र २८ गते सुरु भएको १४ औ जिल्लाबाट प्रतिनिधिहरु एक सय बढीको सहभागीता रहेको थियो। भौगोलिक विबिधा युक्त विशिस्टता आधारमा प्रदेशको नामांकरन गर्नुपर्ने माग समेत फोनिजले गरेको छ।

फोनिज दोस्रो प्रादेशिक महाअधिवेशन उद्धाटन कार्यक्रम का प्रमुख अथिती आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्वो को प्रमुख अथितित्वमा कार्यक्रम भएको थियो। अर्जुन जम्नेलि राइको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## कृषि शिक्षा...

विद्यार्थीलाई टिचिङ वा रिसर्च प्रोजेक्ट अन्तर्गत टिचिङ एसिस्टेन्ट वा रिसर्च एसिस्टेन्टको रूपमा पूर्ण समय अध्ययन र अनुसन्धानका कामहरूमा लगाइन्छ। त्यस्तैगरी हाम्रा विश्वविद्यालयले पनि स्नातकोत्तर र पीएचडी तहमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति दिएर पूरै समय अध्ययन र अनुसन्धानमा लगाउनुपर्ने देखिन्छ। इन्डियन एग्रिकल्चर रिसर्च काउन्सिलले अभ्यास गरे जस्तै स्नातकोत्तर र पीएचडी तहको विद्यार्थीलाई क्रमशः जुनियर रिसर्च फेलो र सिनियर रिसर्च फेलोको व्यवस्था गरेर वा अन्य कुनै उपयुक्त विधिबाट पूर्ण रूपमा अध्ययन र अनुसन्धानको काममा लगाउनुपर्ने देखिन्छ।

विभिन्न विश्वविद्यालय र मातहतका क्याम्पसमा अध्ययन अध्यापनको गुणस्तर, पूर्वाधारको विकास एवम् जनशक्तिको उपलब्धता कायम गर्नका लागि नियमनकारी अधिकारसम्पन्न कृषि काउन्सिलको स्थापना गर्न आवश्यक देखिन्छ। आंगिक क्याम्पसहरूको पठनपाठनको स्तर अभिवृद्धि गर्न आवश्यक भौतिक पूर्वाधार र जनशक्तिहरू थप गर्नुपर्ने आवश्यकता देखिन्छ। कृषि शिक्षामा भएको बढ्दो निजीकरणलाई नियमन र निरुत्साहित गर्न सरकारले आवश्यकता र औचित्यका आधारमा देशका विभिन्न भागमा सेवा सुविधा सहितको सरकारी क्याम्पसहरू थप गर्न जरूरी देखिन्छ। साथै सीटीईभीटी अन्तर्गत आईएससीएजी र प्राविधिक धारबाट कृषि विषयमा माध्यमिक तह सकेर बीएससीएजी पढ्न चाहने विद्यार्थीलाई समेत सहज हुने गरी हाल विश्वविद्यालयहरूले लिइरहेको स्नातक तहको प्रवेश परीक्षाको ढाँचालाई परिमार्जन गर्न आवश्यक देखिन्छ।

नेपाल सरकारको छात्रवृत्तिमा विभिन्न विश्वविद्यालयबाट स्नातक तह अध्ययन पूरा गरेपछि एक वडा एक प्राविधिकको नीति अनुरूप कम्तीमा डेढदेखि दुई वर्ष आ-आफ्नो स्थानीय तहमा गएर अनिवार्य सेवा गर्नुपर्ने नीति बनाउन पनि जरूरी देखिन्छ। विश्वका विभिन्न विश्वविद्यालय हरूबाट उच्च शिक्षा अध्ययन सकेर स्वदेश फर्कन चाहने जनशक्तिका लागि राज्यले उचित नीति बनाएर स्वदेशमै उक्त ज्ञान र सीपको प्रयोग गर्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ। उच्च शिक्षा पूरा गरेपछि कृषि उद्यमी बन्न चाहनेलाई राज्यले प्रोत्साहन गर्दै सहुलियत दरमा सहज तवरले ऋण प्रवाह गर्न आवश्यक नीति बनाउनुपर्ने पनि देखिन्छ। अनलाईनबाट


### जाडोबाट बच्न मिम्न उपायहरू अबलम्बन गरौं ।

- तातो झोलिलो पदार्थके प्रशस्त मात्रामा पिउने गरौं,
- न्यायो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं,
- ताजा र पौष्टीक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौ,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसंग परामर्श लिऔ ।

नेपाल सरकार, विज्ञापन बोर्ड





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### विद्यार्थीको भविष्यमाथि किन खेलवाल

कोराना संक्रमण पुन विश्व भरी दोहोरीएको छ। त्यसको असर नेपालमा पनि परिसकेको छ। कोरोना भाईरस तिव्र फैलि रहेको आंकलन गरी सब भन्दा पहिले विद्यालयलाई बन्द गरी विद्यार्थीका जीवन माथि खेलवाड गरी रहेको छ। बजारमा अन्य भिडभाड बन्द नगरी विद्याथीहरुलाई नै पढ्नवाट बन्चित गराउन खोज्नु भनेको सरकार गैर जिम्मेवार रहको प्रष्ट हुन्छ। कोरोना संक्रमणको पहिलो लहर चलि रहँदा त्यसवेला विद्यालय वन्दगरीनुको कारण थियो विद्यार्थीसंग अनलाईन कक्षाका अनुभव थिएन। तर त्यहीवेलाको विद्यालय वन्दले विद्यार्थी, शिक्षक र अभिभावकलाई अनलाई कक्षाको ज्ञान भई सकेको छ। अनलाई कक्षा संचालन गर्न भन्नु पर्नेमा विद्यालयमै ताला लगाएर भविष्यका कार्णधार विद्यार्थीहरुलाई अन्धियारोमा धकेलिने काम सरकारले गरेको छ। विद्यालयमा भौतिक उपस्थितिमा पढाई नभए पनि अनलाईन कक्षा संचालन गर्न भनेको भए केही हद सम्म विद्यार्थीहरुले अध्ययन अध्यापन लागि रहने थियो। सो नगरी विद्यालय नै बन्द गरी दिएपछि विद्यार्थीहरु त्यसै बजारमा भौतारी रहेको पाईन्छ। त्यसैले सरकारले अनलाई कक्षा संचालन गर्न लगाउनु पर्छ।

पहिलो कोरोना संक्रमणको वेला महिनौ विद्यालय बन्द रहंदा अर्बौको भौतिक संरचना क्षति भएको सबैमा अवगतै छ। फेरी पनि सवभन्दा पहिले विद्यालयलाई बन्द गरेकोमा फेरी अर्बौका संरचना क्षति हुने पक्का छ। त्यसको भरपाई सरकारले गर्न सक्दैन। त्यसैले विद्यालयहरुमा सके सम्म स्वास्थ्य मापदण्ड पुरा गरी आलोपाली गरी कम विद्यार्थीको उपस्थितिमा विद्यालय संचालन गर्नु पर्छ। अन्यथा एक त विद्यार्थीका भविष्य अन्यौलमा पर्छ अर्को तिर भौतिक संरचना नष्ट हुन्छ। विद्यार्थीहरुको लागि बैकल्पिक उपयको खोजी गर्नु पर्छ। बैकल्पिक उपायका खोजी नै नगरी अचानक विद्यालय बन्द गरी दिदा बालबालिको मानसिक रुपमा तनाव भेmलि रहेको छ। बालबालिका घरमा बस्दा इन्टरनेटको माध्यमवाट समाजिक संजाल चलाउन व्यस्त हुन्छ जसले गर्दा बालबालिकामा चिडचिडापन आई सकेको छ। यसको समाधान खोज्न पनि जरुरी छ।

सरकारी विद्यालयहरुमा जति भौतिक संरचना छ त्यस अनुपातमा विद्यार्थीका संख्या धेरै कम छ। विद्यालयकै भौतिक संरचनामा समाजिक दुरी कामय गरी स्वास्थ्य मापदण्ड पुरा गरी कक्षाहरु संचालन गर्न सकिन्छ। जहासम्म निजी विद्यालयहरुमा केही विद्यार्थीहरुको भिडभाड हुन्छ त्यसलाई कम गर्न निजी विद्यालयहरुलाई भौतिक संरचना वनाउन लगाउनु पर्छ अथवा अन्य साना निजी विद्यालयहरुको भौतिक संरचनामा विद्यार्थीहरु लगी पठनपाठनको व्यवस्था मिलाउनु पर्छ। सरकारी विद्यालयका शिक्षक, कर्मचारी भनौ अथवा सरकारी कोषवाट तलव खाने जतिले आफ्नो छोरा छोरीलाई निजी विद्यालयवाट हटाई सरकारीमा ल्याउन सरकारले निती वनाई दिए स्वतह निजी विद्यालयमा विद्यार्थीहरु घट्ने छन्। कोरोनाको समयमा विद्यालयमा विद्यार्थीहरुलाई भौतिक दुरी कायम गरी पठनपाठनको वातावरण मिल्छ त्यता तिर सरकारको ध्यान दिन जरुरी छ। देशको शैक्षिक अवस्था कमजोर भए देश आफै ध्वस्त हुन्छ भन्ने विद्धानको भनाई सार्थक हुन्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# कृषि शिक्षा, विगत, वर्तमान र भविष्य

दिपेश नेपाल/निराजन भण्डारी

नेपालको शैक्षिक प्रणाली छिमेकी मुलुक भारतको ब्रिटिश शैक्षिक प्रणालीको प्रभावबाट शुरू भएको पाइन्छ। सन् १९५७ अगाडि नेपालमा औपचारिक कृषि विषय अध्ययन अध्यापनको अवसर थिएन। केही कृषि क्षेत्रमा अन्य देशबाट अध्ययन गरेर आएकालाई छोड्ने हो भने नेपालमा कृषि अनुसन्धानकर्ता, संरक्षक वा विज्ञ किसान नै थिए भन्दा फरक पर्दैन।

सन् १९५० मा देशमा प्रजातन्त्रको स्थापनासँगै ठूलो संख्यामा सरकारी जागिरको अवसर सृजना भयो। नेपालका धेरै जनसङ्ख्या कृषिमा नै निहित भएको अवस्थामा कृषि शिक्षाको महत्वको महसूस गर्दै सन् १९५७ मा पुल्चोकस्थित जगदम्बा भवनमा जेटीए तहको कोर्ष शुरू गरिएको थियो। सन् १९६८ मा कलेज अफ एग्रिकल्चरको स्थापना भएसँगै उक्त जेटीए कार्यक्रम दुईवर्षे कृषि आईएससीएजीमा रूपान्तरण भयो। त्यसको करीब चार वर्षपछि उक्त कलेजलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको रूपमा विकास गरी बीएससीएजी तहको पढाइ शुरुआत गरियो। सन् १९७४ मा कृषि तथा पशु विज्ञान अध्ययन संस्थानलाई चितवनको रामपुरमा स्थानान्तरण गरियो। त्यस्तैगरी सन् १९७५ मा लमजुङको सुन्दरबजार र सन् १९७८ मा रूपन्देहीको पक्लिहवामा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान अन्तर्गतका सहायक क्याम्पसहरूको स्थापना गरियो।

नेपालमा कृषिको स्नातकोत्तर तहको पढाइ सन् १९९९ मा रामपुर क्याम्पसबाट शुरुआत भएको हो। त्यसयता विभिन्न समयमा नेपालमा कृषिको उच्च शिक्षा अध्ययन/अध्यापन गराउन विभिन्न विश्व विद्यायलय अन्तर्गत धेरै वटा सरकारी, सामुदायिक र सम्बन्धन प्राप्त क्याम्पसहरू स्थापना भएका छन्। हाल नेपालमा पाँच वटा विश्वविद्यालय अन्तर्गतका २८ वटा सरकारी, निजी र सामुदायिक कलेजहरूले कृषि स्नातक तहको अध्ययन/अध्यापन गराउँदै आएका छन्। नेपाल सरकारको संघीय नीति अनुरूप हाल सात वटै प्रदेशमा कृषि क्याम्पसहरू स्थापना भएका छन्। केही वर्षयता विभिन्न विश्वविद्यालय अन्तर्गत धेरै वटा सरकारी, निजी र सम्बन्धन प्राप्त क्याम्पसहरूको स्थापना भएसँगै नेपालमा कृषि स्नातक तहको अध्ययन गर्ने विद्यार्थीको संख्यामा पनी उल्लेख्य वृद्धि भएको छ।

हाल नेपालमा विभिन्न विश्वविद्यालयमा करीब ६ हजार भन्दा बढी विद्यार्थी कृषि स्नातक तहको अध्ययन गरिरहेका छन्। यो वर्ष मात्र करीब ८५० जना विद्यार्थीले स्नातक तहको अध्ययन पूरा गर्दैछन्। यो संख्या बढेर अबको दुई वर्षपछि करीब १५०० को हाराहारीमा पुग्ने देखिन्छ।

कृषि क्षेत्रको संस्थागत विकासका लागि कृषि प्रसारका कार्य गर्न कृषि मन्त्रालय अन्तर्गतका कार्यालय र विभागहरू, कृषि अनुसन्धानका लागि नार्क र कृषिको दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालयहरू स्थापना गरिएको हो। देशको कृषि क्षेत्रको विकासका लागि अध्ययन/अध्यापन गराउने विश्वविद्यालय, अनुसन्धान गर्ने अनुसन्धान केन्द्रहरू र प्रविधि प्रसार गर्ने सरकारी निकायहरू नै प्रमुख खम्बाहरू हुन्। यी तीन वटै खम्बाहरू कृषि क्षेत्रका समस्या पहिचान, खेती प्रविधिको संरक्षण, विस्तार एवम् परिमार्जन र उत्पादन वृद्धि जस्ता मुद्दाहरूमा सँगै हुनुपर्ने हो तर हाम्रो देशमा तीन खम्बा तीनतिर फर्किएका छन्। यिनै खम्बामध्येको एक कृषि क्षेत्रको जनशक्ति उत्पादन गर्ने अहिलेको शिक्षा प्रणाली करीब भूमिकाविहीन जस्तै बनेको छ। कृषि विषय अध्ययन/अध्यापन गराउने विश्वविद्यालयहरू आन्तरिक समस्यामा अल्झिरहेका छन्। हाम्रा विश्वविद्यालयहरूको भूमिका नेपालको कृषि क्षेत्रको विकासमा खुम्चिंदै गएको अनुभूति गर्न सकिन्छ।

हाम्रो औपचारिक शिक्षाको विकासलाई हेर्दा यो पश्चिमा शैक्षिक मोडल (मूलत: भारतमा विकसित भएको ब्रिटिश शैक्षिक मोडल) बाट प्रभावित देखिन्छ। अन्य शैक्षिक क्षेत्र जस्तै कृषि शिक्षाको पाठ्यक्रममा पनि ठूलो प्रभाव पश्चिमा देशहरूको परेको पाइन्छ। डोरबहादुर विष्टले आफ्नो पुस्तक 'फ्याटलिज्म एन्ड डेभलपमेन्ट'मा भनेका छन्- 'किसानहरू कृषि तालिम लिन पाउँदैनन्, जसलाई माटोप्रति लगाव नै छैन, उही कृषि प्राविधिक बन्छ। कृषि शिक्षा सरकारी जागिरको लागि मात्र पढिन्छ, पढाइन्छ।'

आजभन्दा ३० वर्ष अगाडि छापिएको पुस्तकको यो भनाइ भन्दा अहिलेको कृषि शिक्षाको अवस्था केही फरक छैन। कृषि शब्द सुन्दा सरल लाग्छ। बिरुवा रोप्ने, गोड्ने र थन्क्याउने कार्य मात्रै कृषि कार्य हो भन्ने बुझाइले गर्दा कृषिलाई धेरै सरलीकृत पनि गरिएको हुनसक्छ। तर यसभित्रका थुप्रै वैज्ञानिक र प्राविधिक पक्ष र तिनीहरूको अन्तरसम्बन्धले गर्दा कृषिमा धेरै विषयको अध्ययन र अनुसन्धान हुन बाँकी छ।

अझ नेपालको जस्तो निर्वाहमुखी खेती पद्धतिको त अध्ययन नै भएको छैन। घर वरिपरि करेसाबारी, करेसाबारीमा मौसम अनुसारको तरकारी, केही बोट फलफूल, अलिअलि जडीबुटी, एक हल गोरु, एउटा दुहुना गाई या भैंसी, एक बगाल बाख्रा र घरमा नाश भएको सामल खुवाउन पालिएका केही कुखुरा नेपाली कृषिको विशेषता हो। यस्तो खेती प्रविधि र पशुपालनको स-साना पक्ष केलाएर विकसित गर्दै लैजानु आजको आवश्यकता हो। हाम्रा कृषिका पाठ्यक्रममा नेपाली माटोका कुरा न्यून छ, हाम्रो खेती पद्धतिको कुरा पनि न्यून छ।

विश्वविद्यालयहरूमा हाम्रा मौलिक र परम्परागत खेती प्रणाली, रैथाने बीउबिजन, स्थानीय ज्ञान, सीप, स्रोत, साधन र प्रविधि सम्बन्धी विषयवस्तुहरूका बारे एकदमै न्यून मात्र अध्ययन/अध्यापन हुन्छ। आयातित पाठ्यक्रमले दिएको शिक्षाले नेपाली माटो, हावापानी र किसानका समस्यालाई सम्बोधन गर्न सक्दैन।

अन्य क्षेत्र सँगसँगै निजीकरणको चपेटामा कृषि शिक्षा पनि परेको छ। शैक्षिक क्षेत्रमा भएको निजीकरणबाट सामान्य मानिसको शिक्षामा पहुँच घट्दै गएको छ। गरीब विपन्न भएका कारण किसानका छोराछोरी कृषि शिक्षाबाट बञ्चित भएका छन्। अहिले हाम्रा विश्वविद्यालयहरू निजी क्याम्पसलाई अध्यापनको अनुमति दिने होडबाजीमा छन्। विश्वविद्यालयहरूले भर्खरै स्थापना गरेका आंगिक र पुराना सरकारी क्याम्पसहरूको गुणस्तर अभिवृद्धि र स्तरोन्नति हुन नपाउँदै बढेको चरम निजीकरणले समग्र कृषि शिक्षाको गुणस्तरमा नै प्रश्न चिन्ह खडा भएको छ।

कृषि र वन विज्ञान विश्व विद्यालय ऐनमा नयाँ कृषि क्याम्पस स्थापना र सञ्चालन गर्नुपर्ने भएमा तराईमा ८ बिघा र पहाडी क्षेत्रमा १०० रोपनी जग्गा सहित यथेष्ट भौतिक पूर्वाधार र जनशक्ति हुनुपर्ने स्पष्ट प्रावधान छ। तथापि हाल स्थापना भएका धेरै सरकारी र निजी क्याम्पसहरूमा आफ्नो पूर्वाधार समेत नभएकाले अन्य संघसंस्थाका कोठाहरूमा अध्ययन अध्यापन गराइरहेको तितो यथार्थ हामीमाझ छर्लङ्ग छ। विश्वविद्यालयको ऐन र नीतिमा व्यवस्था भए बमोजिम हाल सञ्चालित केन्द्रीय, आंगिक, सामुदायिक र सम्बन्धन प्राप्त क्याम्पसहरूले न्यूनतम भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्न सकेका छैनन्। यसरी सञ्चालित क्याम्पसहरूबाट भविष्यमा कृषिका कस्ता जनशक्ति उत्पादन हुने हो भन्ने आम चिन्ता पैदा भएको छ।

'किसानहरू कृषि तालिम लिन पाउँदैनन्, जसलाई माटोप्रति लगाव नै छैन, उही कृषि प्राविधिक बन्छ। कृषि शिक्षा सरकारी जागिरको लागि मात्र पढिन्छ, पढाइन्छ।'

हाम्रो देशमा आम सर्वसाधारणले कृषिलाई सामान्य र परम्परागत पेशाको रूपमा बुझ्ने गरेको पाइन्छ। तर कृषि विषय नितान्त व्यावहारिक र प्रयोगात्मक विषय हो। विद्यार्थीमा कृषि पेशामा आश्रित समुदाय, हाम्रो खेती प्रणाली, माटो, हावापानी आदि विषयहरूमा ज्ञान हुन जरूरी छ। विश्वविद्यालयहरूमा लामो समयदेखि पाठ्यक्रम परिमार्जन हुनसकेको छैन, केही परिमार्जित पाठ्यक्रमहरूमा पनि नेपाली माटो, हावापानी सुहाउँदो विषय र प्रविधिहरू यथेष्ट मात्रामा अट्न सकेका छैनन्। भारतीय मूलका अभिजित वनर्जी र फ्रान्सेली मूलकी एस्थर डुफ्लोले आफ्नो पुस्तक 'पुअर इकोनोमिक्स'मा अल्पविकसित मुलुकका विद्यालयले प्राय: आफ्नो भाषा र मौलिक पुस्तकको प्रयोग नगर्नाले उक्त देशहरूका विद्यालय असफल भएको बताएका छन्। उनले यस्तो शैक्षिक पद्धतिमा उत्पादित जनशक्तिले शिक्षाको महत्व बुझ्न नसक्ने र शिक्षालाई व्यवहारमा प्रयोग गर्न नसक्ने बताएका छन्। हाम्रो देशको कृषि शिक्षामा पनि बनर्जी दम्पतीले भनेको जस्तो असफल प्रयोग गरिएको छ। जसले गर्दा हाम्रो शिक्षाले आफ्नो कृषि बोलेको र बोकेको छैन।

साथै विद्यार्थीमा नवप्रवर्तन र उद्यमशीलताको अवधारणा अझै विकास हुनसकेको छैन। अध्ययन सकेपछि उद्यमशीलता र व्यवसायमा लाग्नेको संख्या एकदमै न्यून छ। धेरैजसो विद्यार्थी देश छोड्न बाध्य छन्। हाल उत्पादित जनशक्तिको करीब आधा हिस्सा उच्च शिक्षाका निम्ति बाहिर जाने गरेको र एकदमै न्यून संख्यामा मात्र उक्त जनशक्ति अध्ययन सकेपछि आफ्नो देश फर्किने गरेको विभिन्न अध्ययन र तथ्याङ्कहरूले देखाएका छन्।

आगामी बाटो कस्तो हुने ?

विश्वविद्यालयहरूबाट उत्पादित जनशक्तिले नै देशको कृषि क्षेत्रको भविष्य निर्धारण गर्ने भएकाले हालको शिक्षा प्रणाली र विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर, शिक्षण र सिकाइको विधिहरूमा बहस हुन र सुधार गर्न जरूरी छ। विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादनका निम्ति विश्वविद्यालयहरूले शिक्षण, अनुसन्धान र प्रसारलाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक छ। साथै नेपाल सरकार मातहतका अध्ययन अध्यापन, अनुसन्धान र प्रसारको जिम्मेवारी पाएका निकायहरूलाई एउटै छाता मुनि ल्याई समन्वयात्मक ढंगबाट शिक्षण, अनुसन्धान र प्रसारका कामहरू गर्नुपर्ने देखिन्छ।

विकसित देशहरूमा शिक्षण, अनुसन्धान र प्रसारका कार्यक्रमहरू एकीकृत रूपमा विश्वविद्यालयहरूले नै संचालन गरिरहेका हुन्छन्। देशको राष्ट्रिय र स्थानीयस्तरका समस्याहरूको अध्ययन गरेर उक्त समस्याहरूको समाधान गर्ने गरी अनुसन्धानहरू गरिन्छ। उदाहरणका निम्ति कृषकका बारीमा कुनै पनि बालीमा रोग वा कीरा देखा परेमा त्यसको परीक्षण र नियन्त्रणका लागि किसानहरूले नजिकैको प्लान्ट क्लिनिक वा विश्वविद्यालयको ल्याबमा स्याम्पल पठाउने व्यवस्था गरिएको हुन्छ। र, उक्त रोग वा कीराको अध्ययन पछि त्यसको नियन्त्रण विधि किसानलाई सुझाइन्छ। एउटा अनुसन्धानकर्ताले गरेको अनुसन्धानले त्यस देशको कृषि नीति निर्माणमा अत्यन्तै ठूलो महत्व राखेको हुन्छ। त्यस्तैगरी हाम्रा विश्वविद्यालयहरूमा पनि स्नातकोत्तर र पीएचडी तहको अध्ययन र अनुसन्धानलाई देशको कृषि नीति निर्माण र किसानका समस्या केन्द्रित बनाउन जरूरी छ।

स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रम परिमार्जन गरी नेपाली भूगोल सुहाउँदो, व्यावहारिक र समयसापेक्ष बनाउन जरूरी छ। व्यावसायिक कृषि शिक्षासँगै हाम्रा मौलिक र परम्परागत कृषि पद्धति, स्थानीय एवम् रैथाने ज्ञान, सीप, स्रोत र साधनको पनि उचित उपयोग र सम्वर्द्धनको बारे पनि विश्वविद्यालयहरूमा खोजी र अध्ययन हुन जरूरी देखिन्छ। स्नातकोत्तर तहको पाठ्यक्रमलाई खोजमूलक र समस्या केन्द्रित बनाई विशिष्टीकरण गर्न आवश्यक देखिन्छ। विकसित देशहरूमा

वांकी अन्तिम पेजमा...

## इनरुवा नगरपालिका क्षेत्रबाट पेस्तोल र गोली सहति चार पक्राउ

विराटनगर । जिल्ला प्रहरी कार्यालय सुनसरीले २ थान पेस्तोल र ४ राउण्ड गोली सहित ४ जनाको समुहलाई पक्राउ गरेको छ ।

सुनसरीको ईनरुवा नगरपालिका क्षेत्रमा हातहतियार सहित केही ब्यक्तिहरु रहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट सादा पोशाकमा खटिएको प्रहरी टोलीले बुधवार साझ र बिहिवार बिहान गरी ४ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा हरिनगर गाउँपालिका वडा नं. ७ घुस्कीका २० बर्षीय सबिर मिया, ३१ बर्षीय सवरेज मिया, सोही स्थानका २५ बर्षीय सिकन्दर मलाहा र वडा नं. ६ का २३ वर्षिय फरियाद अन्सारी रहेका छन् ।

सबिर मियालाई बुधवार राती सुनसरीको महेन्द्र चोकबाट पक्राउ गरिएको थियो । मियाको साथबाट प्रहरीले कटुवा पेस्तोल १ थान, गोली १ राउण्ड, र उनले प्रयोग गर्ने १ थान मोटरसाईकल सहित पक्राउ गरेको हो ।

त्यसैगरी मियाकै बयानका आधारमा अन्य ब्यक्तिहरु समेत हातहतियार सहित घुमफिर गरिरहेको भन्ने खूल्न आएसंगै तत्काल प्रहरी परिचालन भएकोमा, थप तिन जनालाई हतियार सहित पक्राउ गरिएको थियो ।

सवरेज मिया सहित अन्य तिन जनालाई बिहिवार बिहान ईनरुवा क्षेत्रबाट १ थान पेस्तोल, तिन राउण्ड गोली, दुई थान म्यागजिन र उनीहरुले प्रयोग गरेको २ थान मोटरसाईकल सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

हातहतियार सहित पक्राउ परेका उनीहरुलाई हातहतियार तथा खरखजाना मुद्धामा म्याद थप लिई आवश्यक कानूनी प्रकृया अघि बढाई थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## मुद्धाको फरार प्रतिवादी पक्राउ

विराटनगर । १८ बर्षीय किशोरीको हत्या गरी फरार रहेका प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय ईलामले २० बर्ष पछि पक्राउ गर्न सफल भएको छ ।

२०५८ साल माघ ६ गते भएको हत्याको घटनामा संग्लग्न रहेका ईलामको साबिक पशुपतिनगर वडा नं. ३ का ४१ बर्षीय गोरे भनिने मन कुमार राईलाई घटनाको २० बर्ष पछि पौष १६ गते पक्राउ गरेको थियो ।

ईलामकै कन्याम घर भई आफ्नो माईती घर आएको समयमा खुर्पाले घाँटीमा प्रहार गरी हत्या गरेको खुल्न आएको छ ।

अनुसन्धानको क्रममा घटनाको प्रकृति र पक्राउ परेका अभियुक्तले दिएको बयानको आधारमा मन कुमारले रोजिना राईको हत्या गरेको खुल्न आएको जिल्ला प्रहरी कार्यालय ईलामले जनाएको छ ।

२०५८ साल माघ ६ गते राती ८ बजेको समयमा गाईगोठमा काम गरिरहेकी रोजिनालाई मन कुमारले आफु संगै जान आग्रह गरेको र जान नमाने पछि जबरजस्ति तानेर लगेको तानेर लैजाने क्रममा रोजिना लडेर घाईते भएको र आफुलाई थप आरोप लाग्न सक्ने भयले मन कुमारले रोजिनाको हत्या गरेको पनि अनुसन्धानको क्रममा खुल्न आएको उक्त कार्यालयले जनाएको छ ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिहेको छ ।


### कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १





## तिला संक्रान्ति अर्थात वाली र किसानको पर्व

विराटनगर । नेपाल र भारतका हिन्दु समुदायले माघ संक्राती (तिला संक्रती) भव्यताका साथ मनाए भएका छन् । माघे संक्रान्तिलाई बाली र किसानहरुको पर्व पनि भनिन्छ ।



मकर संक्रान्ति हिन्दुहरूको प्रमुख चाड हो । मकर संक्रान्ति पौष शुक्ल मसान्तमा सूर्य मकर राँशीमा जाने भएकोले यस चाडलाई मकर संक्राती भनिन्छ । यो चाड जनवरी महिनाको चौदहवाँ वा पन्द्रहवाँ दिनमा पर्न जान्छ । किन भने यसै दिन धनुराशीलाई छाडेर मकर राशीमा प्रवेश गर्छ । मकर संक्रान्तिका दिन सूर्यको उत्तरायण गति प्रारम्भ हुन्छ भनेर ग्रन्थमा भनिएकोले यो चाडलाई कहीं उत्तरायण पनि भनिन्छ ।

मकर संक्रान्तिका दिन किसान आफ्नो राम्रो वालीका लागि भगवानलाई धन्यवाद दिएर आफ्नो अनुकम्पालाई मानिसमा राखी छोड्न आर्शीवाद माग्दछन । यस कारण मकर संक्रान्ति चाडलाई वाली र किसानहरूको चाड पनि भन्ने गरिन्छ ।

नेपालमा सबै क्षेत्रमा अलग अलग नाउँ वा भाँती भाँतीको रीति रिवाजबाट भक्ति एवं उत्साहको साथ धूमधामसंग मनाइन्छ । मकर संक्रान्तिका दिन किसान आफ्नो राम्रो वालीका लागि भगवानलाई धन्यवाद दिएर आफ्नो अनुकम्पालाई मानिसमा राखी छोड्न आर्शीवाद माग्दछन । यस कारण मकर संक्रान्ति चाडलाई वाली र किसानहरूको चाड पनि भन्ने गरिन्छ ।

मकर संक्रान्तिका दिन पानीको मुहान नदी, खोला, पोखरी तलाउ लगायतको स्थानमा गई स्नान गरि सूर्यलाई अर्ध दिदै निरोगिता र दिर्घायुको कामना एवं प्रार्थना गर्ने गरिन्छ । स्नान गरी सकेपछि तिल, चामल, पैसा दान गर्ने प्रचलन रहेको छ ।

त्यसैगरी तीलको लड्डु , घ्यू , कन्दमूल, चाकू इत्यादी आफन्त र साथीभाईहरुलाई बाडेर खाइ धूमधामसंग मनाउँछन । नदीको संगममा नुहाउन मकर जानेको भिड समेत लाग्ने गर्दछन् । तीर्थस्थलहरूमा रूबरू धाम (देवघाट) वराक्षेत्र, कोशी नदी, दोमुखा र त्रिवेणी मेला समेत प्रसिद्ध छ ।

## संघियता कार्यान्वयनमा सबैको भूमिका महत्वपूर्ण




विराटनगर । प्रदेश नं १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले सङ्घीयताको कार्यान्वयनमा सबैको भूमिका महत्त्वपूर्ण रहने बताउनुभएको छ । मंगलवार संवाद समूह प्रदेश १ ले आयोजना गरेको सङ्घीयताको चार वर्ष र नागरिकका अपेक्षा विषयक छलफलमा उहाँले सङ्घीयता कार्यान्वयनमा सबै उत्तिकै महत्त्वपूर्ण भूमिकामा रहने बताएको थियो ।

'सरकारले राम्रो काम गर्ने हो । प्रतिपक्षीले नराम्रो भयो भने देखाइदिने हो । उहाँले भन्नुभयो नागरिक सजक बन्नुपर्ने हो ।' आफूहरू सङ्घीयता पछि सरकार र प्रतिपक्षी दुवैको भूमिकाको अनुभव बटुलेकाले अहिले सरकारमा आएकोले राम्रा काम गर्ने भन्दै व्यक्ति आफ्नै सर्वैसर्वा ठान्ने प्रवृत्ति समाजमा व्याप्त रहेको उहाँको भनाई थियो । 'नेता उस्तै, अनि ताली दिनेको कमी छैन । उहाँले भन्नुभयो, सबै सचेत भएर लाग्नुपऱ्यो ।' संघियता आएपछि विकास नै भएन भन्ने मानसिकता भने तोड्न उहाँको आग्रह छ । आर्थिक तथा सामाजिक क्षेत्रमा भइरहेको प्रगतिलाई पनि सङ्घीयताको उपलब्धिका रूपमा लिन सकिने मन्त्री कार्कीको भनाई थियो ।

अहिलेको सरकार एक वर्षसम्म निर्धक्क चल्ने बताउँदै उहाँले अस्थिरताले पनि काममा बाधक बनाएको बताउनुभएको छ । कानूनी अभाव र साना काममा पनि केन्द्रकै मुख ताक्नु पर्दा पनि समस्या हुने गरेको उहाँको भनाई छ ।

अहिले हिजोको भन्दा ठुलो प्रतिपक्षी रहेको उल्लेख गर्दै उहाँले प्रदेश नामकरणका सन्दर्भमा सहकार्य आवश्यक रहेको सङ्केत गर्नुभएको छ । हामीले थोरै व्यवस्थित गर्न सक्यौं भने, नामकरण पनि गर्न सक्छौं, उहाँले भन्नुभयो राजधानीको संरचनालाई पनि हामीले एकरूपता दिन सक्छौं ।'

कार्यक्रममा सहभागी वक्ताहरूले संघियता आएपछि आफ्नो अधिकार स्थापित गर्नुपर्ने कुरामा जोड दिएका छन् । सङ्घीयता पछि वित्तीय तथा आर्थिक, प्रशासनिक क्षेत्रमा सुधार, पूर्वाधारको क्षेत्रमा लगानी बढिरहेको, सासकीय पद्धतिको स्वरुप बद्लिएको बताएका छन् ।

सहभागीहरूले प्रदेश संरचना आएपछि अधिक खर्चको भार बढिरहेको पनि बताएका छन् । कार्यक्रममा प्राध्यापक कृष्ण पोखरेल, पूर्व राज्य मन्त्री जसमाया गजमेर, विभिन्न पालिकाका प्रमुख उपप्रमुख, लगायत सरोकारवाला निकायका प्रतिनीधिले सहभागिता जनाएका थिए ।

## मुख्यबाटो अवरोध गरी जनमतको किसान आन्दोलन

विराटनगर । जनमत पार्टीले रानी इटहरी सडक खण्डको विराटनगरको गुद्री चौकमा सडक अवरोध गरी कोण सभा गरेको छ ।

जनमत पार्टीले शुरु गरेको किसान आन्दोलन अनिश्चित कालका लागी जारी राख्ने घोषणा अन्तर्गत प्रदेश नं. १ को राजधानी विराटनगरको गुद्री चौकमा दर्जनौ यूवाहरुले सडक अवरोध गरी कोण सभा गरेका छन् ।

विराटनगरको रामजानकी मार्गमा रहेको पार्टी कार्यालायबाट नाराबाजी गर्दै गुद्री चौक पुगेका थिए । कोण सभामा वक्ताहरुले किसानहरुले लगाएको बालीहरु नेताहरुल खाने तर किसानको समस्यालाई सम्बोधन गर्ने नेताहरुलाई जनमत पार्टीले तह लगाउने वताएका थिए ।

त्यसैगरी आउँदो शुक्रवार हजारौ किसानहरुको सहभागीतामा हुने विरोध ऱ्याली र कोण सभामा सहभागी हुन आम जनतालाई सहभागी हुने जनमत पार्टीका विराटनगर महानगर पालिका संयोजक अरुण कुमार मण्डलले आह्वान गरेका थिए ।

किसन आन्दोलनले विस्तारै किसानहरुको आँखा खोल्दै गईरहेको छ । मधेशका जिल्लाहरुमा भएको आन्दोलनमा दिनानुदिन किसानहरुको संख्या सडकमा बढ्दै गई रहेको छ । समयमै सरकारले किसनहरुको मागलाई सम्बोधन नगरे किसान आन्दोलन अझ चर्किने जनमतका नेताहरुले दावी गरेका छन् ।

जनमत पार्टीले किसान आन्दोलनले आफ्नो १२ बुद्धे मागको पर्चा पम्पलेट छापी गाउँ, घर र टोल–टोलमा वितरण गरी रहेको छ ।

जनमत पार्टीले किसानको माग सम्बोधन गर्न सरकारले उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मलखाद र बीउको व्यवस्थापन गर्नुपर्ने, सिचाईको व्यवस्था गर्नुपर्ने, नसके सिंचाइको लागि विद्युत निःशुल्क उपलब्ध गर्नुपर्ने, हावाहुरी र वर्षाले भएको बालीनालीको क्षति वापत राहत दिनुपर्ने, फसलको उचित समर्थन मूलय निर्धारण गर्नुपर्ने, उखु किसानको भुक्तानी गर्नुपर्ने माग अगाडी सारेका छन् ।

त्यसैगरी किसान कार्ड व्यवस्था गरी-किसान कार्ड देखाएर सीमानाकाको वजारबाट सामान ल्याउन पाउने व्हवस्था गर्नुपर्ने, किसानलाई पनि पेन्सनको व्यवस्था गर्नुपर्ने, स्वत: बालीनाली वीमा हुने सुनिश्चितता गर्नुपर्ने, किसानमाथि दमन बन्द गर्नुपर्ने लगायत १२ बुद्धे माग राखेर पुस १५ गते देखि अनिश्चि कालीन आन्दोलन शुरु गरेको छ ।



# राष्ट्रिय सहकारी बैंक लिमिटिडको एकाई १ को सभा सम्पन्न

विराटनगर । सहकारी संघ-संस्थाहरुलाई कर्जा प्रवाह गर्ने एकमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको एकाई १ को भेला २८ गते बुधवार प्रदेश १ को राजधानी विराटनगरको जैन स्वेताम्बर तेरापंथी सभा भवनमा सम्पन्न भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड प्रमुख कार्यकारी अधिकृत वद्री कुमार गुरागाईले भने संचालक समितिको कार्तिक ९ गते बसेको बैठकको निर्णय अनुसार सदस्य संघ संस्थाहरुको प्रतिनिधीहरुको सहभागीतामा पौष १६ गते देखि एकाई २, ३, ४, ५, ६ र ७ को वैठकहरु सम्पन्न् भई सकेको एकाई १ को २ हजार २ सय ५७ वटा सहकारी संघ संस्थाको भेला सम्पन्न वताए ।

त्यसैगरी एकाई प्रतिनिधीहरुको निर्णय प्रमाणित गर्ने सभा (केन्द्र) पौष ३० गते १४ हजार १ सय ५२ सदस्य सहकारीको सहभागीता भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको नेपाल भरी ६८ वटा शाखाहरु पु¬्याएका वताए । अगामी दिनमा सहकारी बैंक लिमिटेडलाई डिजिटल प्रविधिमा लगेर अझ सेवा विस्तार गर्ने लक्ष्य रहेको गुरागाईले वताए ।

सहकारी संघ/संस्थाहरुलाई वित्तिय सेवा प्रदान गर्ने र सहकारी संघ/संस्था मार्फत सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर माथि उकासन सहयोग पुऱ्याउने उदेश्य सहित २०६० साल अषाढ २५ गते सहकारी विभागमा दर्ता भई नेपालको सहकारी अभियानको एक मात्र राष्ट्रिय सहकारी बैंक लिमिटेड २०६१ श्रावण १९ गते दखि कारोवार सुभारम्भ भएको थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शेयर पुँजी २ अर्ब ८७ करोड, निक्षेप ६६ अर्व ३४ करोड संकलन गरी ३५ अर्व ९१ करोड कर्जा प्रवाह गर्दै कुल ७१ अर्व ६८ करोड कारोवार गर्न सफल भएको छ ।

# प्रदेश १ सरकारको सर्वदलीय छलफल
## कोभिड १९ संक्रमण, रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा



विराटनगर । प्रदेश नं.१ सरकारले कोभिड १९ संक्रमण, रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा शुक्रवार राजनीतिक दलहरूसँग प्रदेशस्तरीय सर्वदलीय सर्वपक्षीय छलफल गरेको छ ।

रोगविरुद्ध जनचेतना बढाउन र आवश्यक तयारी गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा छलफल आयोजना गरिएको थियो ।

कार्यक्रममा मुख्यमन्त्री राईले कोभिड १९ संक्रमण, रोकथाम, नियन्त्रण र उपचारका लागि राजनीतिक दलको सहयोगको खाँचो देखिएकाले कार्यक्रम आयोजना गरिएको स्पष्ट पार्दै राजनीतिक दलहरूको दलीय संयन्त्र आधारभूत तहसम्म हुने भएकाले दलहरू र तिनका भ्रातृ संगठनको परिचालनले रोग विरुद्ध लड्न सकिने विश्वास व्यक्त गरेका थिए ।

'सरकारको प्रयासमा दलहरूले साथ दिए कोभिड विरुद्ध तय गरिएका योजना सफल हुन सक्छन्' मुख्यमन्त्री राईले वताए , प्रदेश नं.१ मा खोपको पर्याप्त व्यवस्था भए पनि पछिल्लो समय खोप लगाउन आउने संख्यामा कमी आएकोमा राजनीतिक दलहरूलाई यसप्रति जागरण पैदा गरिदिन उहाँले अपिल गर्नुभयो , कोरोनाको तेस्रो लहर सकेसम्म निषेधाज्ञा वा लकडाउन गर्ने अवस्था नआउनेगरी सामाना गर्नुपर्नेमा मुख्यमन्त्री राईले जोड दिंदै पटकपटकको लकडाउनले जनताको दैनिकी, रोजीरोटीसहित मुलुकको अर्थतन्त्र चौपट हुनेतर्फ सरकार सम्वेदनशील रहेको वताएका थिए ।

छलफल कार्यक्रममा बोल्दै आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले कोभिड रोगविरुद्ध संघ, प्रदेश र स्थानीय तीनै तहको सरकार मिलेर लड्नुपर्ने धारणा व्यक्त गर्नुभयो , उहाँले रोगविरुद्ध अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई बुस्टर डोजका रुपमा दिइने खोप दिन सरकार प्रतिवद्ध रहेको बताए, उहाँले रोगको संक्रमण फैलिएको अवस्थामा एकले अर्कामा जिम्मेवारी पन्छाएर भन्दा पनि मिलेर अघि बढ्न आग्रह गरेका थिए ।


सामाजिक विकास मन्त्री जयराम यादवले रोगको संक्रमण फैलिएको अवस्थामा राजनीतिक दलहरूलाई भीडभाड हुने खालको कार्यक्रम नगरी दिन अपिल गर्नुहुंदै विगतमा आफूहरू सरकारमा नभएको अवस्थामा पनि कोभिडविरुद्धको अभियानमा आफ्नो राजनीतिक दलको तर्फबाट गरेको सहयोगको स्मरण गर्दै रोगको जोखिमको अवस्थामा कसैबाट पनि गैर राजनीतिक चरित्रको अपेक्षा नभएको स्पष्ट पारेका थिए ।

राजनीतिक दलका तर्फबाट नेपाली कांग्रेस प्रदेश नं. १ अध्यक्ष उद्धव थापा, सोही पार्टीका संसदीय दलका सचेतक सुयर्माराज राई, नेकपा माओवादी केन्द्र प्रदेश नं. १ अध्यक्ष हर्कबहादुर नेम्वाङ, नेकपा एकीकृत समाजवादीका पोलिटब्यूरो सदस्य तथा प्रदेश नं.१ सचिव महेश रेग्मी, जनता समाजवादी पार्टी प्रदेश नं. १ अध्यक्ष प्रवीण चाम्लिङ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका महासचिव अशोक चाम्लिङ, राष्ट्रिय प्रजातन्त्र पार्टी प्रदेश नं.१ सचिव वासुदेव भट्टराईलगायतले आ-आफ्नो दलका तर्फबाट धारणा राख्नु भएको थियो ,

कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुली र सामाजिक विकास मन्त्रालयका तर्फबाट वरिष्ठ जनस्वास्थ्य प्रशासक सागर प्रसाईंले रोगविरुद्ध भए गरेका प्रयासबारे प्रकाश पारेको थियो ।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, १ नं. प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुणकुमार बिसी, सशस्त्र प्रहरी बल पकलीका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरी, राष्ट्रिय अनुसन्धान १ नं. प्रदेश कार्यालयका प्रमुख अनुसन्धान निर्देशक प्रकाशराज पाण्डे, नेपाली सेना थलाहा गणका प्रमुख सेनानी अमृत थापा मगरले कार्यालयबाट भए गरेका कामका बारे जानकारी गराएको थियो ।

# भरुवा बन्दुक सहित एक पक्राउ



रिाटनगर। मोरङको लेटाङ नगरपालिका वडा नं. ९ बशन्त हरियाली सामुदायिक बनबाट भरुवा बन्दुक सहित एक जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा मोरङ मिक्लाजुङ गाऊपालिका ५ का ६० बर्षीय ईन्द्र बहादुर राई रहेको छ ।

शुत्रवार अस्थाई प्रहरी चौकी जाँतेबाट खटिएको प्रहरी टोलीले राईलाई भरुवा बन्दुक बोकी हिडीरहेको अबस्थामा फेला पारेको थियो ।

उनको साथबाट प्रहरीले लोड भएको भरुवा बन्दुक-३ नाल, बारुद-२ डब्बा, गोली -१८ थान, छर्रा-५ पोका, खुकुरी-१ थान, गेटिस (गुलेली)-१ थान बरामद गरेको छ ।

पक्राउ परेका राईलाई ईलाका प्रहरी कार्यालय लेटाङबाट थप अनुसन्धान भईरहेको छ ।


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना


१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १


# एशोसिएसनको असहमति, शर्माको 'नोट अफ डिसेन्ट'



विराटनगर । चिकित्सा शिक्षाका विषयमा उत्पन्न समस्या समाधानका लागि शुक्रबार शिक्षा मन्त्रालयमा बोलाइएको सरोकार वालाहरुको बैठकमा निजी अस्पतालहरुको छाता संगठन एशोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपालले असहमति जनाएको छ ।

बैठकमा सहभागि मेडिकल एशोसिएसनका महासचिव एवं काठमाडौं मेडिकल कलेजका अध्यक्ष डा.सुनिल शर्माले बैठकका निर्णयप्रति असहमति जनाउँदै 'नोट अफ डिसेन्ट' लेखेका हुन् । 'निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १८ को उपदफा (१) को खण्ड (क) ले व्यवस्था गरे अनुसार शुल्क निर्धारण बैज्ञानिक ढंगले नगरिएको हुँदा ऐनको मर्म र भावना अनरुप शुल्क निर्धारण हुनुपर्छ,' एशासिएसनका महासचिव डा.शर्माले दर्ज गरेको फरक मतमा लेखिएको छ, 'यस शैक्षिक सत्रमा करिब बत्तीस हजार (करिब ८५ प्रतिशत) परीक्षार्थीहरु अनुत्तिर्ण भइ विभिन्न कार्यक्रममा विभिन्न शिक्षण संस्थाहरुमा करिब चार हजार सिट रिक्त रहेको अवस्थालाई सम्बोधन गर्न तत्काल पुनः परीक्षा वा अन्य कुनै व्यवस्था गरी रिक्त रहेका सबै सिटहरु परिपूरण गर्न चिकित्सा शिक्षा आयोगले तत्काल पहल गर्नुपर्छ ।'

एमबीबीएस शुल्कका विषयमा विवाद बढ्दै गएपछि मन्त्रालयले समस्या समाधानका लागि राष्ट्रिय चिकित्सा शिक्षा आयोग, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्व विद्यालय तथा मेडिकल कलेजहरु, अभिभावक र विद्यार्थीहरुसहितको बैठक बोलाएको थियो । बैठकले यस शैक्षिक सत्रका लागि चिकित्सा शिक्षा आयोगबाट निर्धारित शुल्क भन्दा बढी शुल्क शिक्षण संस्थाहरुले नलिने, छात्रावास सम्बन्धि समस्यालाई सम्बन्धित शिक्षण संस्था तथा अभिभावक एवम् विद्यार्थीहरु बीच आपसी छलफल गरी सहमतिमा निरुपण गर्ने निर्णय गरेको शिक्षा मन्त्रालयका महासचिव डा.हरिप्रसाद लम्सालले प्रेस विज्ञप्ति जारी गरेर जनाएका छन् ।

विज्ञप्तिमा आगामी शैक्षिक सत्रदेखि लागु हुँनेगरी शुल्क निर्धारण गर्ने क्रममा कुल शुल्क अन्तर्गत विश्वविद्यालय, विषयगत काउन्सिल र शिक्षण संस्थालाई बुझाउँनुपर्ने शीर्षकगत रकमसमेत निर्धारण गर्ने कार्य चिकित्सा शिक्षा आयोगले प्रारम्भ गर्ने, राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ कार्यान्वयनका सन्दर्भमा देखिएका असहजता निरुपणका लागि छलफल एवं परामर्श गरी ऐन संशोधन गर्न सरकारलाई राय परामर्श दिने र चिकित्सा शिक्षाका शैक्षिक कार्यक्रमहरुमा सिट रित्त रहनेसमेतका बिषयलाई मध्यनजर गरी एकीकृत प्रवेश परीक्षा प्रणालीमा आयोगले संशोधन प्रकृया अघि बढाउँने पनि निर्णय भएको उल्लेख छ ।

तर, सोही बैठकका निर्णयमा असहमति जनाउँदै मेडिकल एशोसिएसनका महासचिव शर्माले 'नोट अफ डिसेन्ट' लेखेका हुन् । यसअघि एशोसिएसनले विद्यार्थीहरुको शान्तिपूर्ण आन्दोलनका नाममा मेडिकल कलेजहरुमा हिंसात्मक गतिविधि गरिएको भन्दै यस्तो कार्य नरोकिए देशभरका शिक्षण तथा अस्पताल सेवा ठप्प पार्ने चेतावनीसमेत दिइसकेको छ ।


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# प्रादेशि संचार प्रतिष्ठान खारिज

विराटनगर । प्रदेश नं. १ सरकारविरुद्ध परेको एउटा रिट उच्च अदालत विराटनगरले खारेज गरेको छ । प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले गत मंसिर ९ गते गरेको प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली खारेज गर्ने निर्णय सदर गर्दै उच्च अदालतले त्यसविरुद्ध परेको रिट खारेज गरेको हो ।

मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठ र न्यायाधीश मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासको फैसलाबमोजिम प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली खारेज गर्ने प्रदेश नं. १ सरकारको निर्णय सदर भएको छ ।

संसदबाट विश्वासको मत नै नलिई पूर्ववर्ती सरकारले गरेको जथाभावी नियुक्ति खारेज गर्ने मुख्यमन्त्री राजेन्द्रकुमार राई नेतृत्वको सरकारको नीतिबमोजिम नियमावलीसँगै प्रतिष्ठान खारेजीमा परेको हो । प्रतिष्ठानमा पछिल्लो समयमा केही सदस्य थप नियुक्ति गरिएको थिए ।

त्यससम्बन्धी परेको रिटमा भएको बहसमा प्रदेश नं.१ सरकारका तर्फबाट मुख्य न्यायाधिवक्ता भोजराज श्रेष्ठले बहस गरेको थियो ।

# लागुऔषध गाँजा सहित 3 पक्राउ

विराटनगर । जिल्ला मोरंग धनपालथान गाउँ पालिका वडा नं. २ बरियाती टोलबाट अबैध गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं. २ बरियाती टोल बस्ने बर्ष ४० को बसन्त पासवान, जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १६ बस्ने बर्ष ३६ को रविन राई र बर्ष २९ को वचन राईलाई आइतवार पक्राउ गरेको थियो ।

उनीहरुको साथबाट अवैध लागु औषध गाँजा ३ केजी १०५ ग्राम, नगद रू २० हजार ५ सय नगर र प्रदेश नं. १-०२०-०४५ प २६९९ नंम्बरको मोटरसाईकल सहित पक्राउ गरीएको थियो ।

पक्राउ गरीएको तीनै उपर लागु औषध कसुर मुद्दामा मोरंग जिल्ला अदालतवाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भईरहेको छ ।

*यो धुमपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।*

**लागुऔंषध रहित परिवार : स्वस्थ जीवनको आधार**

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ । लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

**विराटनगर महानगर पालिका, प्रदेश १**

**कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना**

*१. कसरी सर्छ कोरोना भाईर?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १**

# सौन्दर्य र शक्तिको लागि क्यालिसथेनिस वर्कशप सम्पन्न

विराटनगर । पछिल्लो समयमा विश्वभरी लोकप्रिय बन्दै गएको सौन्दर्य र शक्तिको प्रतिकको रूपमा लिईने गुरूत्वाकर्षण र शरीरको वजन उठाउन गरीने क्यालिसथेनिस व्यायाम वर्कशप विराटनगरमा सम्पन्न भएको छ ।

विराटनगरको महेन्द्र चौक स्थित टि. जि. आई. पी. जिमले उपत्यका बाहिर पहिलो पटक विश्वशनिय प्रमाणित प्रशिक्षक टोनी प्रजापति द्वारा माघ १ गते शनिवार एक दिने वर्कशप संचालन गरेका थिए ।

आयोजक श्रृजन प्याकुरेलका अनुसार शनिवार क्यालिसथेनिस बर्कशप तीन चरणमा आयोजना गरिएको थियो । पहिला चरणमा विहान ७ वजेदेखि १० वजे सम्म, दोस्रो चरण ११ देखि २ बजे सम्म र तेस्रो चरण ३ देखि ६ बजे संचालन गरिएको थियो ।



त्यसैगरी कुनै पनि उपकरण विना व्यवस्थित लय वद्ध शारीरिक अभ्यासको माध्यमबाट गरीने क्यालिथेनिस व्यायाम सम्बन्धमा जनचेतना जगाउन वर्कशप संचालन गरेको प्रशिक्षक एडोनिस क्षेत्रीले वताए ।

शारिरीक र मानसिक शक्तिको समिश्रणको रूपमा लिईने क्यालिसथेनिस व्यायाम पुरातन ग्रिसमा विकसित भएको खेल हो जिम संचालक डेविड एकेले वताए ।

उक्त व्यायामले शरीरलाई आकारमा राख्न मद्दत पुऱ्याउनु को साथै मानिसको वल, शहनशिलता, लचिलोपन र शरीरको अंगहरू वीच समन्वयको विकास समेत गर्दछ ।

कोभिडको कारण घर बाहिर गई व्यायाम गर्न सम्भव नभएकोले आफ्नो घरमै व्यायाम गर्न सकुन भन्ने उदेश्यले व्यायाम प्रति जनचेतना जगाउन वर्कशप आयोजना गरेको आयोजकले वताए ।

तीन वटै चरण गरी करीब १ सय जनाको सहभागीता रहेको थियो । उक्त वर्कशपमा टीसर्ट नवीन जैसवालले उपलब्ध गराएका थिए ।

# मधेसी समुदायमा प्रचलित मृत्यु संस्कारभित्र वैज्ञानिक सचेतना

सञ्जय साह 'मित्र'

अहिले कोरोनाको तेस्रो लहर सुरु भइसकेको छ । पहिलो र दोस्रो लहरको तुलनामा कोरोनाको तेस्रो लहर निकै तीव्र देखिएको छ । कोरोनाको प्रसारमा मानिस-मानिसको निकटता नै प्रमुख कारण हो । कोरोनाको विस्तारले जुनसुकै ठाउँका मानिस किन नहोऊन्, एकअर्कासित कसरी नजिकमा छन् र अन्तर्सम्बन्धित छन् भन्ने स्पष्ट पारेको छ । विश्वका मानव एकअर्काका दुःख र पीडाबाट पीडित हुने रहेछन् र एकअर्कासित प्रत्यक्ष-अप्रत्यक्ष प्रभावित हुँदा रहेछन् भन्ने कुरो प्रमाणित भएको छ ।

कोरोनाको विस्तार हुँदै गर्दा बचाउको लागि दुई मिटरको दुरी अपनाउनुपर्ने सन्देश दिइन्छ । कोही सम्भावित संक्रमितबाट असंक्रमितमा संक्रमण नहोओस् भन्ने उद्देश्यले दुई मिटरको दुरीलाई एउटा अस्त्र बनाइएको होला । यसैगरी कोराना संक्रमितबाट टाढै बस्नुपर्ने र झन्डै दुई सातासम्म संक्रमितलाई एकान्त वासमा राख्नुपर्ने उपायहरु प्रभावकारी बताइन्छन् ।

कोरोना संक्रमण भइसकेको मानिसबाट अर्को मानिसमा नसरोस् भनेर अहिले जुन विधि अपनाएको देखिन्छ, यसभन्दा उच्च सचेतना तराई मधेसको संस्कृतिमा अनादिकालदेखि प्रयोग र प्रचलनमा रहेको देखिन्छ । तराई मधेसमा मधेसी समुदायको मृत्यु संस्कारको केही पक्ष कोरोना सचेतनाको आधुनिक विधिसित धेरै मिल्दो देखिएको छ ।

लासलाई छुनु हुँदैन भन्ने मान्यता छ । जसले लासलाई छुन्छ वा जसलाई लास छुनुपर्ने हुन्छ, उसले ननुहाई घरभित्र प्रवेश नै गर्नु हुँदैन । लासलाई छुने मानिसले आफूले लगाएको सम्पूर्ण वस्त्र अनिवार्य रुपमा सफा गर्नुपर्छ अर्थात् पानीमा राम्ररी धोई पखाली गर्नै पर्दछ । लासलाई छोएको मानिसलाई छोएमा पनि यही विधि र प्रक्रिया अपनाउनुपर्ने चलन छ । त्यसैले मलामी जानेहरु अनिवार्य रुपमा नुहाएरै फर्किन्छन् र आफूले लगाएका सम्पूर्ण कपडा अवश्य धुन्छन् । मलामी जानेहरुमध्ये जो कोही पनि अरुको जीउमा छोइँदा उसले लगाएका सम्पूर्ण कपडा अनिवार्य रुपमा धोई पखाली गर्नै पर्ने चलन रहेको छ । यसको अन्तर्यमा के देखिन्छ भने मृतकबाट कुनै किसिमको जीवाणु वा भाइरस अन्यमा नसरोस् ।

लास बोक्ने तथा सद्गति गर्नेहरुसित निश्चित दुरी बनाएर हिँड्नुपर्ने, लासलाई बोकेर घाटतिर मलामी जाँदा लाससँगै धुँवायुक्त आगो लिएर जानुपर्ने चलन रहेको छ । धुँवाले त लास कता लगेको हो भन्ने परम्परागत हिसाबले संकेत पनि गरेको हुनुपर्छ तर आधुनिक दृष्टिकोणले विचार गर्ने हो भने लासको पछिपछि धुँवासहितको आगो लैजाँदा लासबाट निस्कन सक्ने जीवाणु वा भाइरसलाई आगोले मार्ने वा निष्क्रिय बनाउने तथा आगोको कारणले मलामी र लासको दुरी केही बढ्ने कारण देखिन्छ ।

जसले दागबत्ती दिन्छन्, लासको सबैभन्दा नजिक धेरैबेर उही रहनुपर्ने हुन्छ । यसले गर्दा किरियापुत्री बस्ने चाहिँ कम्तीमा १२ दिन एकान्तवास बस्नुपर्ने हुन्छ । किरियापुत्रीको नजिक कोही पनि जान नहुने र उसले छोएको पनि कसैले खानु हुँदैन । यसैले किरियापुत्रीले खाने भाँडो पनि अलग हुन्छ । सम्भव भएसम्म टाढैबाट किरियापुत्रीलाई खाना खान दिइन्छ ।

किरियापुत्रीसित विशेष दुरी बनाएर कुराकानी गर्न भने पाइन्छ । दुरी बनाउनको लागि बाँसको कर्चीको एउटा लट्ठी किरियापुत्रीको हातमा हुन्छ । अहिले जसरी दुई मिटरको दुरी बनाएर बस्नुपर्ने बताइएको छ । किरियापुत्रीको हातमा अरु कसैले केही दिनैपर्ने अवस्था आउँछ भने किरियापुत्रीको अगाडि भूँइमा राखिन्छ र त्यही लट्ठीले तानेर उसले त्यो सामान लिन्छ । उसले केही दिँदा पनि सोही प्रक्रिया अपनाइन्छ ।

मृतकको श्राद्ध नहुँदै कोही आफन्तको मृत्यु हुन पुगेमा पछिल्लोपटक मरेको मानिसको श्राद्ध नहुन्जेलसम्म अर्थात् फेरि १३औं दिनसम्म उही प्रक्रिया दोहोरिन्छ । यसको मर्म यो पनि हो कि एउटै कारणले दुवैको मृत्यु भएको हो भने फेरि त्यत्ति दिनसम्म समाजबाट परिवारलाई अलग रहनु पर्दछ ।

मृतकको परिवारसित समाज अलग नै रहनुपर्ने हुन्छ । झन्डै छुवाछुतको अवस्थामा मृतकको परिवारका सदस्यहरु अलग्ग बस्नुपर्ने परम्परागत चलन रहेको छ । मृतकको परिवारमा पनि यदि कसैलाई घातक जीवाणु वा भाइरस सरेको रहेछ भने त्यो समाजका अरुमा नसरोस् र अलग्गै छुट्टिएर बस्दा केही दिनमा लक्षण देखिन्छ भन्ने परम्परागत सोचाइ हुन सक्छ, जुन आजको वैज्ञानिक युगमा पनि पूर्णतया सार्थक छ ।

मृतकको परिवारमा श्राद्धको दिनसम्म अर्थात् १२औं, १३औं दिनसम्म कसैलाई केही हुँदैन भने शान्तिभोज खुवाउने चलन छ । शान्तिभोज खुवाउँदा सबैभन्दा पहिले किरियापुत्रीले नै समाजको अगाडि आफ्नो भोज आफूले खानुपर्छ । हुन त मृत्युमा भोजको चलनलाई राम्रो मानिनु हुन्न । यसले कपितय विपन्न परिवारलाई निकै अप्ठ्यारोमा पार्ने गरेको छ । ग्रामीण समाजमा बलजफ्ती भोज खाने चलन रहेको छ । तर पहिले यस्तो चलन थिएन । बाह्र-तेह्र दिनसम्म अलग्गै बसेको अवस्थामा आफू सुरक्षित छु भन्ने देखाउन पनि सबैसित मिलेर खाना खाने चलन चलेको हुनुपर्छ । अन्तिम दिन आफन्तहरु मिलेर एक ठाउँमा खाना खाने चलन नै कालन्तरमा भोजको रुपमा विस्तार भएको हुनुपर्छ ।

किरियापुत्रीले कुनै काम गर्नु हुँदैन र हरेक दिन नुहाउनु पर्छ भन्ने मान्यतालाई पनि विचार गर्ने हो भने विज्ञानको दृष्टिकोणले उपयुक्त हुन्छ । सरसफाइ, स्वच्छता र पवित्रतामा ध्यान त दिनैपर्छ । यदि काम गर्ने छुट दिने हो भने कतिपय संक्रमण दुई चार दिनमा तथा कतिपय संक्रमण एक हप्तापछि देखिने हुन्छ । एक हप्तासम्म संक्रमण नदेखिने तर त्यसपछि देखिने किसिमको रोगको जीवाणु वा भाइरसले किरियापुत्री (लासको सद्गतिमा सबैभन्दा नजिक रहेर धेरै काम गरेको मानिस)लाई आक्रमण गरेको रहेछ र ऊ घरबाहिर वा अन्यत्र गएको रहेछ भने त अरुलाई सक्छ । तर उसलाई नै एकान्तमा घरबाट टाढा काम गरिरहँदा नै केही भइहाल्यो भने ? यससँगैको अर्को मान्यता यो पनि हो कि किरियापुत्रीको नजिक कोही जानुहुँदैन तर किरियापुत्रीलाई नितान्त एक्लै छोड्नु पनि हुँदैन । एक्लै वा एकान्तवासमा निरन्तर लामो समय बस्दा रोगले आक्रमण गरिहाल्यो भने ? अहिलेको चिन्तनमा यो निकै वैज्ञानिक पनि देखिन्छ । उसलाई गरुड पुराण सुनाउने वा अन्य धार्मिक कथा वा मानसिक शान्ति दिने अन्य साहित्य अध्ययन गर्न दिनुपर्छ भनिन्छ ।

तराई मधेसको लोकजीवनमा अनेक अन्धविश्वास विद्यमान छ । तर, यहाँको कतिपय संस्कृतिको वैज्ञानिक दृष्टिकोणले अध्ययन र मूल्याङ्कन हुनु जरुरी छ । मृत्यु संस्कारमा पनि धेरै अन्धविश्वास रहेका छन् तर वर्तमान महामारीको धरातलमा उभिएर हेर्दा मृत्यु संस्कार कतिपय पक्ष निकै वैज्ञानिक चिन्तनयुक्त देखिएका छन् । कोरोना वा यस प्रकारका अन्य सरुवा रोगबाट मानिसको मृत्यु भएको रहेछ भने उसको नजिक पुग्नेमा सर्ने हुँदा मृत्यु भएको समयदेखि झन्डै दुई सातासम्म तिनका आफन्त वा छोएकाहरुको नजिक पर्नु हुँदैन भन्ने व्यवहारलाई वैज्ञानिक मान्नुपर्ने हुन्छ । मधेसी समुदायदेखि आम नेपाली समाजमा प्रचलित कतिपय संस्कार र संस्कृतिमा आधुनिक विज्ञानले दिने सन्देश लुकेका छन् । रातोपाटीवाट

**तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक**
कोशी अस्पताल को अगाडि, विराटनगर

**बिरामीहरुको लागि खुशीको खबर !!**

**ल्याब जाचमा ५०% सम्मको छुट**

सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२४४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

**नि:शुल्क सुगर जाँच**

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।